नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभग

म.नि.- ५५२७८८५
उ.म.नि.- ५५५१८०२
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००

हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८१/८२
च.नं.

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय, बुटवल, रुपन्देहीमार्फत सुन्दर हार्डवेयर एण्ड प्लाइउड (स्था. ले. नं. ३०२१३४२४७) का प्रोप्राइटर जोगेन्द्र अग्रहरीले सञ्चालन गरेको पसल तथा गोदामको कारोवारको अनुसन्धान कार्य सम्पन्न गरी उक्त फर्म तथा प्रोप्राइटर जोगेन्द्र अग्रहरी विरुद्ध उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मिति २०८२/०१/०२ मा अभियोग पत्र दायर गरिएको छ।

जिल्ला रुपन्देही, सिद्धार्थनगर नगरपालिका, वडा नं. ८, लुम्बिनी गेटमा रहेको सुन्दर हार्डवेयर एण्ड प्लाइउड (स्था.ले.नं. ३०२१३४२४७) को कारोबार स्थलमा खानतलासी गरी अनुसन्धान गर्दा उक्त फर्मका प्रोप्राइटर जोगेन्द्र अग्रहरीले सञ्चालन गरेको पसल तथा गोदामको कारोवारवाट राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४(छ) र (झ) बमोजिमको राजस्व चुहावटको कसूर गरेको हुँदा निज उपर उक्त राजस्व चुहावटको प्रकृति, गाम्भीर्यता तथा राजस्व चुहावट भएको रकम समेतलाई मध्यनजर राखी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम रु. ५४,४१,००४।५० (अक्षरुपी चौवन्न लाख एकचालीस हजार चार रुपैयाँ पचास पैसा मात्र) बिगो कायम गरी ऐ. ऐ. ऐनको दफा २३(१) बमोजिम बिगो असुल उपर गरी बिगोको शतप्रतिशत रु. ५४,४१,००४।५० (अक्षरुपी चौवन्न लाख एकचालीस हजार चार रुपैयाँ पचास पैसा मात्र) जरिवाना गरी कुल रु. १,०८,८२,००९ (अक्षरुपी एक करोड आठ लाख बयासी हजार नौ रुपैयाँ मात्र) र सोही ऐनको दफा २३(१)(क) बमोजिम हदैसम्मको कैद सजायको मागदावी लिई सम्मानित उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मिति २०८२/०१/०२ मा अभियोग पत्र दायर गरिएको छ।

२०८२/०१/०२

(कृष्ण कुमारी श्रेष्ठ)
उपमहानिर्देशक/प्रवक्ता

Scanned with CamScanner

फ्याक्स : ५५४२०२३ ईमेल-info@dri.gov.np, website : www.dri.gov.np